महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
विजयनगर गाउँपालिका
कपिलवस्तु

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ आषाढ

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश

पत्र संख्याः २०७८।७९
च.नं. २१५ मितिः २०७९।३।२४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
विजयनगर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
कपिलवस्तु ।

कैफियत सहितको राय

हामीले विजयनगर गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. विजयनगर गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.३ करोड ४१ लाख ३९ हजार बेरुजू देखिएको छ। सोमध्ये बेरुजू असुल गर्नुपर्ने रू. २ करोड २ लाख २८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड २ लाख ९५ हजार, नियमित गर्नुपर्ने रू. ३५ लाख ६६ हजार र सोधभर्ना नलिएको ४९ हजार रहेको छ ।पालिकाको गतवर्ष ११ करोड २८ लाख ५० हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू ९ करोड २५ लाख ३५ हजार रहेको छ । विजयनगर गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. विजयनगर गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण मरासिनी)
नायब महालेखापरीक्षक

विजयनगर गाउँपालिका

बेरुजु बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
५०	१६	३४१३९	०	०	०	५०	१६	३४१३९	२०२२८	३५६७	१०२९५	०	४९	१३९११	०

अद्यावधिक बेरुजू स्थिति

२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
कपिलवस्तु	११२८५०	०	५४४५४	५८३९६	०	३४१३९	९२५३५

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : विजयनगर गाउँपालिका, कपिलवस्तु , विजयनगर गाउँपालिका , कपिलवस्तु

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	GOVINDA BHATTARAI	२०७७-४-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	KHIM BAHADUR SUBEDI	२०७७-४-१	
लेखा प्रमुख	GOBINDA ADHIKARI	२०७७-७-२	
लेखा प्रमुख	HIMKANT ACHARYA	२०७७-१०-४	
		बेरुजु रकम	३४,१३८,८९४

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		६८,५६७	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४,३२,८७८	चालु खर्च	३,५५,६६६
प्रदेश सरकारबाट अनुदान	४८,६३२	पूँजीगत खर्च	१,८६,८९१
राजश्व बाँडफाँट	३८,१७६	वित्तीय/अन्य व्यवस्था	१,३८,२९७
आन्तरिक आय	२१,१३६		
अन्य आय	१,१८,०५७		
कुल आय	६,५८,८७९	कुल खर्च	६,८०,८५४
बाँकी मौज्दात		४६,५९२	

https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>
परिचय
स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस विजयनगर गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु विजयनगर गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा, ३९ सभा सदस्य, १७३.१९ वर्ग किलोमिटर क्षेत्रफल तथा ३६९३७ जनसंख्या रहेको छ ।
</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>
लेखापरीक्षणको उद्देश्य
स्थानीय तहको वित्तीय विवरण तथा कारोबारको नियमितता तथा औचित्यको आधारमा परीक्षण गरी वित्तीय प्रतिवेदन उपर उचित आश्वस्तता प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य रहेको छ । वित्तीय लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति मानदण्ड, व्यवस्थापन प्रतिनिधित्वपत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरिएको स्वीकृत लेखापरीक्षण योजना कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ ।
</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>
वित्तिय व्यवस्था
यस वर्ष पालिकाको सुत्र (SuTRA)को २७२ बाट देखिएको आय व्यय र बाँकीको विवरण यस प्रकार छ ।
<table>
<tr><th rowspan="2">विवरण</th><th rowspan="2">टिप्पणी</th><th colspan="4">यस वर्ष रु.</th><th colspan="3">गतवर्ष रु.</th></tr>
<tr><th>बजेट</th><th>आफैले गरेको प्राप्ति/भुक्तानी</th><th>वस्तुगत/सोझै भुक्तानी</th><th>जम्मा</th><th>आफैले गरेको प्राप्ति/भुक्तानी</th><th>वस्तुगत/सोझै भुक्तानी</th><th>जम्मा</th></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td></td><td>५४,२१,९७,७५२.३२</td><td>५१,५२,०२,८३४.९२</td><td></td><td>५१,५२,०२,८३४.९२</td><td>४५,५२,६०,५६०.४६</td><td></td><td>४५,५२,६०,५६०.४६</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td></td><td>५१,९२,२६,८८०</td><td>४८,७४,४४,१७४.१०</td><td>०</td><td>४८,७४,४४,१७४.१०</td><td>४२,८५,३३,६९६.१४</td><td>०</td><td>४२,८५,३३,६९६.१४</td></tr>
<tr><td>११००० कर</td><td>११</td><td>१०,३३,७९,४४०</td><td>१०,९६,२५,९०९.२०</td><td>०</td><td>१०,९६,२५,९०९.२०</td><td>९,८१,४१,१०५.१४</td><td>०</td><td>९,८१,४१,१०५.१४</td></tr>
<tr><td>१३००० अनुदान</td><td></td><td>३८,४७,३८,८१०</td><td>३५,२४,१९,१८८.९१</td><td>०</td><td>३५,२४,१९,१८८.९१</td><td>३२,४८,०९,९३०</td><td>०</td><td>३२,४८,०९,९३०</td></tr>
<tr><td>संघीय सरकार</td><td>१२</td><td>३४,३३,९८,८१०</td><td>३१,४७,९०,५६६.९१</td><td>०</td><td>३१,४७,९०,५६६.९१</td><td>२८,७६,२२,९३०</td><td>०</td><td>२८,७६,२२,९३०</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>१२</td><td>४,१३,४०,०००</td><td>३,७६,२८,६२२</td><td>०</td><td>३,७६,२८,६२२</td><td>३,७१,८७,०००</td><td>०</td><td>३,७१,८७,०००</td></tr>
<tr><td>१४००० अन्य राजस्व</td><td></td><td>२,५७,७८,६३०</td><td>२,४३,६३,३०४.७४</td><td>०</td><td>२,४३,६३,३०४.७४</td><td>५२,१९,४३२</td><td>०</td><td>५२,१९,४३२</td></tr>
<tr><td>१५००० विविध प्राप्ति</td><td></td><td>५३,३०,०००</td><td>१०,३५,७७१.२५</td><td>०</td><td>१०,३५,७७१.२५</td><td>३,६३,२२९</td><td>०</td><td>३,६३,२२९</td></tr>
<tr><td>ख. अन्य प्राप्ति</td><td></td><td>२,२९,७०,८७२.३२</td><td>२,७७,५८,६६०.८२</td><td></td><td>२,७७,५८,६६०.८२</td><td>२,६७,२६,८६४.३२</td><td></td><td>२,६७,२६,८६४.३२</td></tr>
<tr><td>वितरण गर्न बाकी राजस्व</td><td></td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>कोषहरु</td><td></td><td>२,२९,७०,८७२.३२</td><td>२,२९,२५,९३९.८२</td><td>०</td><td>२,२९,२५,९३९.८२</td><td>१,८८,९५,०९७.३२</td><td>०</td><td>१,८८,९५,०९७.३२</td></tr>
<tr><td>धरौटी</td><td></td><td>०</td><td>४८,३२,७२१</td><td>०</td><td>४८,३२,७२१</td><td>५४,८६,१६७</td><td>०</td><td>५४,८६,१६७</td></tr>
<tr><td>संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम</td><td></td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>२३,४५,६००</td><td>०</td><td>२३,४५,६००</td></tr>
<tr><td>भुक्तानी (ग+घ)</td><td></td><td>६३,१५,०६,१९८.३२</td><td>५६,५१,३०,४३९.५३</td><td></td><td>५६,५१,३०,४३९.५३</td><td>३९,३७,१४,३८६.५३</td><td></td><td>३९,३७,१४,३८६.५३</td></tr>
<tr><td>ग. भुक्तानी (सञ्चित कोषबाट)</td><td></td><td>६०,८५,३५,३२६</td><td>५४,२५,५८,९६६.०३</td><td></td><td>५४,२५,५८,९६६.०३</td><td>३६,९४,७५,१५२.५३</td><td></td><td>३६,९४,७५,१५२.५३</td></tr>
<tr><td>२१००० पारिश्रमिक / सुविधा</td><td>१८</td><td>११,४३,७८,३१०</td><td>१०,०९,८०,२११.८६</td><td>०</td><td>१०,०९,८०,२११.८६</td><td>१०,१५,५८,२०९.५३</td><td>०</td><td>१०,१५,५८,२०९.५३</td></tr>
<tr><td>२२००० मालसामान तथा सेवाको उपयोग</td><td>१८</td><td>२१,८९,४६,०७०</td><td>१९,७१,०३,३७९.३०</td><td>०</td><td>१९,७१,०३,३७९.३०</td><td>१०,६३,४५,७३८</td><td>०</td><td>१०,६३,४५,७३८</td></tr>
<tr><td>२५००० सहायता (Subsidy)</td><td>१८</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>७,४३,७४०</td><td>०</td><td>७,४३,७४०</td></tr>
<tr><td>२७००० सामाजिक सुरक्षा</td><td>१८</td><td>३८,७७,०००</td><td>३८,३४,७३३</td><td>०</td><td>३८,३४,७३३</td><td>३०,५०,९३९</td><td>०</td><td>३०,५०,९३९</td></tr>
<tr><td>२८००० अन्य खर्च</td><td>१८</td><td>५,४२,८०,०००</td><td>५,३७,४८,५०१.८७</td><td>०</td><td>५,३७,४८,५०१.८७</td><td>१८,८५,५६१</td><td>०</td><td>१८,८५,५६१</td></tr>
<tr><td>३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च</td><td>१८</td><td>२१,७०,५३,९४६</td><td>१८,६८,९२,१४०</td><td>०</td><td>१८,६८,९२,१४०</td><td>१५,५८,९०,९६५</td><td>०</td><td>१५,५८,९०,९६५</td></tr>
<tr><td>घ. अन्य भूक्तानी</td><td></td><td>२,२९,७०,८७२.३२</td><td>२,२५,७१,४७३.५०</td><td></td><td>२,२५,७१,४७३.५०</td><td>३९,३७,१४,३८६.५३</td><td></td><td>३९,३७,१४,३८६.५३</td></tr>
<tr><td>कोषहरु</td><td></td><td>२,२९,७०,८७२.३२</td><td>१,८३,९४,८९३.५०</td><td>०</td><td>१,८३,९४,८९३.५०</td><td>१,८८,७०,५६२</td><td>०</td><td>१,८८,७०,५६२</td></tr>
<tr><td>धरौटी</td><td></td><td>०</td><td>४१,७६,५८०</td><td>०</td><td>४१,७६,५८०</td><td>३०,२३,०७२</td><td>०</td><td>३०,२३,०७२</td></tr>
<tr><td>संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम</td><td></td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>२३,४५,६००</td><td>०</td><td>२३,४५,६००</td></tr>
<tr><td>ङ. यो वर्षको बचत (न्युन)</td><td></td><td>(८,९३,०८,४४६)</td><td>(४,९९,२७,६०४.६१)</td><td></td><td>(४,९९,२७,६०४.६१)</td><td>६,१५,४६,१७३.९३</td><td></td><td>६,१५,४६,१७३.९३</td></tr>
<tr><td>च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)</td><td></td><td></td><td>९,६५,१७,८८७.५०</td><td></td><td>९,६५,१७,८८७.५०</td><td>१,०३,२०,५०७.४३</td><td></td><td>१,०३,२०,५०७.४३</td></tr>
<tr><td>वर्षान्तको बाकी रकम (ङ + च)</td><td></td><td>(८,९३,०८,४४६)</td><td>४,६५,९०,२८२.८९</td><td></td><td>४,६५,९०,२८२.८९</td><td>७,१८,६६,६८१.३६</td><td></td><td>७,१८,६६,६८१.३६</td></tr>
<tr><td>बैंक तथा नगद बाकी</td><td>२४</td><td></td><td>४,६५,९०,२८२.८९</td><td></td><td>४,६५,९०,२८२.८९</td><td>४६,६८,२६,२२३.९३</td><td></td><td>४६,६८,२६,२२३.९३</td></tr>
</table>
स्थानीय संञ्चित कोषः स्थानीय सञ्चित कोष सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:
स्थानीय तहको एकीकृत वित्तीय विवरणले सो पालिकाकत्र सम्पूर्ण आय र व्ययको यथार्थ चित्रण गर्ने गरी कोष तथा लेखा नियन्त्रक कार्यालयबाट C-GAS मार्फत हुने निकासा लगायतका सम्पूर्ण आय व्यय समावेश नगरेको देहाय अनुसार सुत्र र एकीकृत विवरणमा फरक परेको छ ।
</td><td></td></tr>
</table>

			(रू.हजारमा) | विवरण | म.ले.प.फा.नं. २७२ | एकीकृत आय व्यय विवरण | फरक | | गत वर्षको अल्या | ९६५१८ | ६८५६७ | २७९५१ | | यस वर्षको आम्दानी | ५१५२०३ | ६५८८७९ | (१४३६७६) | | यस वर्षको खर्च रकम | ५६५१३० | ६८०८५४ | (११५७२४) | | बाँकी मौज्दात | ४६५९१ | ४६५९२ | (१) | लेखा प्रणाली सुत्रबाट सृजना भएको म.ले.प.फा.नं. २७२ ले पालिकाको यथार्थ आय व्ययको प्रतिनिधित्व गरेको देखिएन । सबै आय व्ययलाई सुत्रको माध्यमबाट एकीकृत गर्नु पर्दछ ।म.ले.प.फा.नं. २७२ अनुसार एकीकृत आय व्यय विवरणमा बढी रहेको रु १००० को हिसाब मिलान हुनु पर्दछ।	
४			**लेखापरीक्षण प्रतिवेदन** **विद्यालयको लेखापरीक्षण प्रतिवेदनः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत विद्यालयहरुको आर्थिक लेखापरीक्षण गराउनको लागि आधारभुत तह सञ्चालित विद्यालयलाई रु १०००० र माध्यमिक तह सञ्चालित विद्यालयहरुलाई रु १५००० अनुदान दिने व्यवस्था छ ।गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुलाई लेखापरीक्षण बापतको अनुदान रकम भुक्तानी दिए पनि कुनै पनि विद्यालयले आन्तरिक लेखापरीक्षण गराएको पाइएन।विद्यालयहरुको आय व्ययको आन्तरिक लेखापरीक्षण समयमै गराएर नगरकार्यपालिकाको कार्यालयमा प्रतिवेदन पेश गर्नुपर्दछ।	
५			**अनियमित** **सोझै खरिद** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ ।पालिकाले सामुदायिक विद्यालयका लागि स्यानेटरी प्याड खरिद गर्दा उल्लेखित नियमको पालना नगरी सोझै खरिद गरेको देखियो रु ९८२३३४	९८२,३३४

क्र सं	भौ नं।मिति	आपूर्तिकर्ताको नाम	पान नं	खरिद मिति	रकम
१	२५४-०७८।३।२८	अनाया ट्रेडर्स	६०६४५२१०२	२०७८।३।२५	४९६७१९
२	२५७-०७८।३।२८	डिलिजेन्स कन्सल्टेन्सी प्रा लि	६०९८२७५१४	२०७८।३।२३	४८५६१५
		जम्मा			९८२३३४

६			**प्रमाण पेश गर्नुपर्ने**	
६.१			कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.७.१३.१३ को बुँदा नं ९.१ मा माध्यमिक विद्यालयलाई पुस्तकालय स्थापना तथा व्यवस्थापन विज्ञान प्रयोगशाला र ICT का लागि रु ६ लाख ५० हजारका दरले अनुदानको व्यावस्था छ ।पालिकाले देहायका विद्यालयहरुलाई उपरोक्त शिर्षकमा दिएको अनुदान निकासा कार्यक्रम कार्यान्वयन पुस्तिकाको खण्ड (१) को "ट" अनुसार कार्यसम्पन्नको बिल भरपाई लगायत केहि पेश नभएकोले उक्त प्रमाण पेश हुनुपर्ने रु ३९०००००	३,९००,०००

भौ नं।मिति	विद्यालयको नाम	अनुदान रकम	अनुदान शिर्षक
८०।०७७।१२।५	दुधधारी मा वि	६५००००	आई सि टि
	लौटनराम द्रोपदीदेवी मा वि	६५००००	विज्ञान प्रयोगशाला
संघिय सशर्त पूँजी			
१९।०७८।३।१८	दुधधारी मा वि	६५००००	कम्प्युटर ल्याब
	शिव मा वि	६५००००	कम्प्युटर ल्याब
	आधारभुत विद्यालय	६५००००	कम्प्युटर ल्याब
	कामना प्रा वि	६५००००	कम्प्युटर ल्याब
	जम्मा रकम	३९०००००	

६.२			**कोभिड १९ स्वास्थ्य सुरक्षा व्यवस्थापन अनुदानः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.७.२५.६२ मा कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकारणका लागि पालिकामा संचालित सामुदायिक विद्यालयहरुलाई बालबिकास देखि कक्षा १२ सम्म प्रति विद्यार्थि रु २०० का दरले स्वास्थ्य सुरक्षा व्यवस्थापनसम्बन्धी कार्यमा खर्च गर्न अनुदान दिने व्यवस्था गरेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली 2077 को नियम 39 को 5 मा सरकारी रकम खर्च गर्द त्यस्तो खर्च पुष्टि गर्न बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले भौ नं १०२।२०७८।१।९ बाट स्वास्थ्य सुरक्षा व्यवस्थापनको लागि रु २७३४६०० र इन्टरनेट जडानको लागि रु ८४००० गरी कुला रु २८१८६०० अनुदान निकासा दिएकोमा श्रेस्ता परीक्षण गर्दा देहायका विद्यालयहरुले स्वास्थ्य सुरक्षा व्यवस्थापनमा गरेको खर्च र इन्टरनेट जडानको बिल भरपाई पेश नगरेकोले उक्त अनुदानको सम्बन्धित शिर्षकमा खर्चको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु २८१८६००	२,८१८,६००

क्र सं	विद्यालयको नाम	अनुदान रकम	
		स्वास्थ्य सुरक्षा	इन्टरनेट
1.	दुधाधारी मा वि गुगौली	२८१६००	०
2.	भुवनेश्वरी मा वि जगदिशपुर	२४७०००	०
3.	जन जागृती मा वि लोहरौला	१६४०००	०
4.	नेपाल तारा मा वि महुवाबारी	९०६००	०
5.	शिव मा वि डालपुर	१२९४००	०
6.	लौटन राम द्रोपदी देवी मा वि	१५०४००	०
7.	आधारभुत विद्यालय थरौली	८१८००	१२०००
8.	आधारभुत विद्यालय नेपालगंज	९६२००	१२०००
9.	जनज्योती आ वि शंकरपुर	७०६००	१२०००
10.	त्रिनेत्र आ वि मधुनगर	१२०६००	१२०००
11.	जनज्योती आ वि मानपुर	६७४००	१२०००
12.	रामशरण आ वि जुडपानी	८९८००	१२०००
13.	हरिबोध आ वि प्रेमनगर	८८०००	१२०००
14.	कामना प्रा वि जववैराठ	५८८००	०
15.	जनता प्रा वि पत्थरदेइया	४३४००	०

				16.	पंचजन प्रा वि महदेइया	६९६००	०		
				17.	प्राथमिक विद्यालय बघमरवा	३६६००	०		
				18.	जनजागृती प्रा वि बदौर	७१८००	०		
				19.	प्राथमिक विद्यालय मैनारी	४३०००	०		
				20.	अर्रा प्रा वि वीरनगर	३४६००	०		
				21.	शान्तिदिप प्रा वि जलैया	३३०००	०		
				22.	सचेतना प्रा वि इमलिखर्क	१६४००	०		
				23.	माहाकाली प्रा वि बेतनी	१७२००	०		
				24.	रामनारायण मो इ बरगदवा	३२२००	०		
				25.	ज्योती बालशिक्षा प्रा वि ज्योतिनगर	२३०००	०		
				26.	मदरसा अहिले सुन्नत गरिब नवजा नैमिया महुवादुधार	४३०००	०		
				27.	मदरसा अहिले सुन्नत फैजाने मुस्तफा जोगिनिया	३६२००	०		
				28.	अहिले सुन्नत फैजे गौसिया पिपरी	३७४००	०		
				29.	मदरसा अहिले सुन्नत गौसिया दतपुर	३३०००	०		
				30.	मदरसा अहिले सुन्नत नैमिया रफिकुल उलुम पत्थरदेइया	३६२००	०		
				31.	मदरसा हनफिया रजविया पत्थरदेइया	३८०००	०		
				32.	मिस्वहुल उलुम कडियार	३३२००	०		

				33.	अहिले सुन्नत गुल्सनेररजा महदेइया	२३०००	०		
				34.	मदरसा अहले सुन्नत कदिरिया फैजुल उजुम बरगदवा	४०४००	०		
				35.	मदरसा अहले सुन्नत फैजाने नइमियाजहलिया	०	०		
				36.	मदरसा अहले सुन्नत नुरी गुगौली	२१६००	०		
				37.	मदरसा अहले सुन्नत फैजाने गौसिया प्रा वि गणेशपुर	३५४००	०		
				38.	मदरसा अहले सुन्नत चिस्तिया फैजुल उलुम डगडौवा	५४०००	०		
				39.	मदरसा समसुल उलुम नईमिया प्रा वि देउपुरा	१७८००	०		
				40.	मदरसा दारुत दौहिद कट्टुवा	१७४००	०		
				41.	मदरसा जामिया रजविया लिलबनात डगडौवा	३१८००	०		
				42.	मदरसा मिनहाजुल कुरान मनोहरपुर	१५६००	०		
				43.	मदरसा अहले सुन्नत फैजुल उजुल कडिहार	२२४००	०		
				44.	जनचेतना प्रा वि गोबरहवा	२१६००	०		
				45.	आनन्द बालबिकास केन्द्र अमौली	४६००	०		
				46.	दिप ज्योती बा बि के हनुमानगर	५०००	०		
				47.	मधनगरा बा बि के मधनगरा	५०००	०		
				48.	समयमाई बा बि के उज्जलपुर	५०००	०		
					जम्मा रकम	२७३४६००	८४०००		

			२८१८६००	
७			**Closed User Group (CUG) सेवाको लागि बढी भुक्तानी** **CUG सेवाको लागि भुक्तानीः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.७.२५.६२ मा कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकारणका लागि शिक्षक तथा विद्यार्थीहरुलाई CUG सेवामा आवद्ध गर्न स्थानिय तहका सामुदायिक विद्यालयमा अध्धयनरत कक्षा ४ देखि १२ सम्मका विद्यार्थीहरुको वास्तविक संख्या यकिन गरी प्रति विद्यार्थी रु. १२५ का दरले ३ महिनाको लागि हुन आउने रकम विद्यालयलाई अनुदान दिने व्यवस्था छ ।गाउँपालिकाले भौ नं १०२।२०७८।१।९ बाट CUG सेवाको लागि रु २३२०५०० निकासा दिएकोमा श्रेस्ता परीक्षणको क्रममा देहायका विद्यालयहरुले CUG सिम खरिद नगरी तथा उल्लेखित कार्यक्रम नै नगरी अनुदान रकम लिएको पाइयो ।अतः सम्बन्धित कार्यक्रममा खर्च नभएको अनुदान देहायको विद्यालयबाट असुल हुनुपर्ने रु २३२०५००	२,३२०,५००

क्र सं	विद्यालयको नाम	रकम
1.	दुधाधारी मा वि गुगौली	४११३७५
2.	भुवनेश्वरी मा वि जगदिशपुर	३७८७५०
3.	जन जागृती मा वि लोहरौला	१८७१२५
4.	नेपाल तारा मा वि महुवाबारी	१०३५००
5.	शिव मा वि डालपुर	१२४५००
6.	लौटन राम द्रोपदी देवी मा वि	१९८७५०
7.	आधारभुत विद्यालय थरौली	७६८७५
8.	आधारभुत विद्यालय नेपालगंज	९९०००
9.	जनज्योती आ वि शंकरपुर	९११२५
10.	त्रिनेत्र आ वि मधुनगर	९२२५०
11.	जनज्योती आ वि मानपुर	६११२५
12.	रामशरण आ वि जुडपानी	७०१२५
13.	हरिबोध आ वि प्रेमनगर	३८२५०
14.	कामना प्रा वि जववैराठ	३३७५०
15.	जनता प्रा वि पत्थरदेइया	२८८७५
16.	पंचजन प्रा वि महदेइया	५०६२५

17.	प्राथमिक विद्यालय बघमरवा	१२७५०
18.	जनजागृती प्रा वि बदौर	३६७५०
19.	प्राथमिक विद्यालय मैनारी	२४७५०
20.	अर्रा प्रा वि वीरनगर	६७५०
21.	शान्तिदिप प्रा वि जलैया	१५३७५
22.	मदरसा अहिले सुन्नत गरिब नवजा नैमिया महुवादुधार	१९८७५
23.	मदरसा अहिले सुन्नत फैजाने मुस्तफा जोगिनिया	२७७५०
24.	अहिले सुन्नत फैजे गौसिया पिपरी	१०५००
25.	मदरसा अहिले सुन्नत गौसिया दतपुर	३६७५०
26.	मदरसा हनफिया रजविया पत्थरदेइया	१४६२५
27.	मिस्वहुल उलुम कडियार	१९८७५
28.	मदरसा अहले सुन्नत कदिरिया फैजुल उजुम बरगदवा	२९६२५
29.	मदरसा अहले सुन्नत फैजाने नइमिया जहलिया	१३१२५
30.	मदरसा अहले सुन्नत नुरी गुगौली	६०००
	जम्मा रकम	२३२०५००

८			**असुल गर्नुपर्ने**	५,३७३,७७२

१ छात्रवृतीः कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं ७.२.१.१ अनुसार सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृतीको व्यवस्था छ ।पालिकाले भौ नं १५२।०७८।२।२३ बाट छात्रवृतीको लागि रु २७९९३७० निकासा दिएकोमा देहायका विद्यालयहरुमा छात्रवृती वितरणको भरपाई भन्दा बढि निकासा भएकोले बढि निकासा रकम असुल हुनुपर्ने रु १०२७५२

क्र सं	विद्यालयको नाम	निकासा	खर्च	बढी निकासा
१	दुधधारी मा वि	१९७९६०	१६२४००	३५५६०
२	भुवनेश्वरी मा वि	२२०५००	१९१०००	२९५००
३	लौटनराम द्रोपदी देवी मा वि	१४९६४६	१४३६४६	६०००
४	हरिबोध नि मा वि	७९७९२	६८६००	११९९२
५	जनजागृती मा वि	१६८७५६	१६४७५६	४०००
६	नेपाल तारा मा वि	९७६०८	८७६०८	१००००
७	शिव मा वि	१४३८६४	१३७३६४	६५००
	जम्मा	१०५८१२६	९५५३७४	१०२७५२

२ धार्मिक विद्यालयलाई दिवा खाजा अनुदानः कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.७.१३.११ को बुँदा नं ६.२ मा स्थानिय तहले परम्परागत शिक्षा दिने गुरुकुल/ आश्रम/ गुम्बा/ विहार/ मदरसा जस्ता वैकल्पिक शैक्षिक कार्यक्रमका रुपमा अनुमती लिई सञ्चालनमा रहेका विद्यालयबाट अनुदान मागका आधारमा एकमुष्ट अनुदान दिने ।अनुमती लिई सञ्चालनमा आएका यस्ता विद्यालयहरुलाई शैक्षिक तथ्याङ्क अनुसार विद्यार्थी संख्या यकिन गरी पाठ्यपुस्तक र छात्रवृतीको रकम सम्बन्धित शिर्षकबाट अनुदान दिने व्यवस्था छ ।गाउँपालिकाले भौ नं ८६।२०७७।१२।२० बाट रु १०१५५१२० र भौ नं २०७।२०७८।३।१८ बाट रु ८६६६५१० गरी कुल रु १८८२१६३० निकासा दिएकोमा देहायका धार्मिक विद्यालयहरुलाई कार्यक्रम कार्यान्वयन पुस्तिकाको विपरित दिवा खाजा अनुदान पनि दिएकोले आर्थिक व्ययभार बढन गएको रु ५१४७४९०

क्र सं	विद्यालयको नाम	अनुदान रकम
1.	मदरसा अहिले सुन्नत गरिब नवजा नैमिया महुवादुधार	३७९८९०
2.	मदरसा अहिले सुन्नत फैजाने मुस्तफा जोगिनिया	३४०२००
3.	अहिले सुन्नत फैजे गौसिया पिपरी	३५९१००
4.	मदरसा अहिले सुन्नत गौसिया दतपुर	३०८०७०
5.	मदरसा अहिले सुन्नत नैमिया रफिकुल उलुम पत्थरदेइया	३४१२२०
6.	मदरसा हनफिया रजविया पत्थरदेइया	३५९१००
7.	मिस्वहुल उलुम कडियार	२४००३०
8.	अहिले सुन्नत गुल्सनेररजा महदेइया	१६०६५०
9.	मदरसा अहले सुन्नत कदिरिया फैजुल उजुम बरगदवा	३५५३२०
10.	मदरसा अहले सुन्नत फैजाने नइमिया जहलिया	३६०९९०
11.	मदरसा अहले सुन्नत नुरी गुगौली	१७१९९०
12.	मदरसा अहले सुन्नत फैजाने गौसिया प्रा वि गणेशपुर	२८५३९०
13.	मदरसा अहले सुन्नत चिस्तिया फैजुल उलुम डगडौवा	५२३५३०
14.	मदरसा समसुल उलुम नईमिया प्रा वि देउपुरा	१२८५२०
15.	मदरसा दारुत दौहिद कटुवा	१७३८८०
16.	मदरसा जामिया रजविया लिलबनात डगडौवा	३००५१०

17.	मदरसा मिनहाजुल कुरान मनोहरपुर	१४७४२०
18.	मदरसा अहले सुन्नत फैजुल उजुल कडिहार	२११६८०
	जम्मा	५१४७४९०

३ दिवा खाजाः कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.७.११.१ मा सामुदायिक विद्यालयका तोकिएका विद्यार्थीको लागि दिवा खाजा अन्तर्गत बालबिकास देखि कक्षा ५ सम्मको विद्यार्थीलाई प्रति विद्यार्थी प्रति दिन रु १५ का दरले अनुदानको व्यवस्था गरेको छ ।गाउँपालिकाले भौ नं ८६। ०७७।१२।२० बाट रु १०१५५१२० र भौ नं २०७।०७८।३।१८ बाट रु ८६६६५१० गरी जम्मा रु १८८२१६३० दिवा खाजाको लागि निकासा दिएकोमा विद्यार्थी उपस्थितीको आधारमा देहायका विद्यालयहरुलाई बिल भरपाई भन्दा बढी भुक्तानी भएकोले बढी भुक्तानी रकम ती विद्यालयहरुबाट असुल गरी राजश्व खातामा जम्मा गर्नुपर्ने रु १२३५३०

क्र सं	विद्यालयको नाम	निकास	खर्च	बढी निकासा
१	जनजागृती मा वि	९६२७६०	९५२५६०	१०२००
२	नेपाल तारा मा वि	५०४६३०	४९१४००	१३२३०
३	जनज्योती आ वि	४५३६००	३५३५००	१००१००
	जम्मा	१९२०९९०	१७९७४६०	१२३५३०

९

पदाधिकारी सुविधा

आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३९ को उपनियम १ मा बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ५ मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने, विल भरपाई आउन नसक्ने काममा खर्च भएको फुटकर खर्चको हकमा खर्च गर्ने कर्मचारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा समर्थन गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम ३ को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा १ हजार रुपैंया भन्दा कम रकमको टेक्सी रिक्सा भाडा कुल्ली खर्च र दक्षिणा भन्ने उल्लेख छ ।

लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३, ४, ५, ६, ७, ८ र ९ सँग सम्बन्धित अनुसूची अनुसार स्थानीय तहका पदाधिकारीहरूलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट, जनसम्पर्क तथा विशेष कार्यसुविधा, मर्मत सुविधा, अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरूलाई यो वर्ष रु.87 लाख 53 हजार खर्च भुक्तानी गरेको देखियो ।

			कार्यालयले उल्लिखित अनुसारको रु.६५ लाख ८९ हजार भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उदेश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको यकिन एवं विश्वस्त हुने अवस्था रहेन । अत उद्देश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ ।	
१०			**विविध खर्च** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो बर्ष विविध खर्च अन्तर्गत रु १८ लाख ७४ हजार हजार खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।	
११			**बजेट तथा कार्यक्रम**	
११.१			स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था बमोजिम नगरेको छ। यस स्थानीय तहमा उपप्रमुख श्री लक्ष्मी कुमारी चौधारीले मिति २०७८।३।७ गते रू. 53 करोड 82 लाख 13 हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।३१ गते पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।	
११.२			**बजेट सीमा निर्धारण समिति :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको गरेको भए पनि बैठक वसेको देखिएन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	

११.३			बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएको छ । समितिको बैठक २०७८ जेठ ११ गते बैठक बसे पनि ऐनले तोके बमोजिम कार्यहरु गरेको देखिएन । आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।	
११.४			नीति तथा मार्गदर्शनः गाउँपालिकाको आ.व. २०७७।०७८ को नीति तथा मार्गदर्शन २०७७ जेठ ३१ गते गाउँसभामा प्रस्तुत गरिएकोमा उक्त नीति तथा मार्गदर्शनमा प्रस्तुत भएका विषयवस्तुहरू मध्ये कतिपय व्यहोराहरू यस आर्थिक वर्षमा कार्यान्वयन गरेको पाइएन । गाउँसभामा प्रस्तुत नीति तथा मार्ग दर्शनमा उल्लेखित व्यहोराहरूको कार्यान्वयनको लागि गाउँपालिकाले आवश्यक पहल गर्नु पर्ने देखिन्छ । नीति तथा मार्गदर्शनमा उल्लेख भएका व्यहोराहरू कार्यान्वयन नभएका उदाहरण देहाय अनुसार छन्ः • साना तथा घरेलु उद्यमको प्रवर्धनमा लगानी बढाउने • कृषि क्षेत्रको विकसका लागि एक वडा एक वीउ बैंक स्थापना गर्ने • गुणस्तरीय उपभोग्य वस्तुको सर्वसुलभ आपूर्तिको व्यवस्था मिलाउने • सञ्चारमैत्री स्थानीय सरकार विकासमैत्री सञ्चारको नीति अवलम्बन गर्ने • स्थानीय ज्ञान, सीप, क्षमताको विकास र अधिकतम उपयोग गर्ने	
११.५			क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।	

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	३३७८१५००	१३२३१२९७	३.४१
सामाजिक विकास	२३८४१५१४५	१७७१०८५७६	४५.६१
पूर्वाधार विकास	१८१८७८८५५	१३३५७५०११	३४.४
सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	९०२७०००	६७७२२३०	१.७४
कार्यालय सञ्चालन तथा प्रशासनिक	८०५९०९३०	५७६५८६००.४	१४.८५
	५४३६९३४३०	३८८३४५७१४	१००

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी ४५.६१ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा १.७४ प्रतिशत रहेको छ ।

११.६ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

११.७ त्रैमासिक पूँजीगत खर्चः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १६(१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरणअनुसार पूँजीगत

			वार्षिक रु. १८ करोड ६८ लाख ९२ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा खर्च नभएको दोश्रो त्रैमासिकमा रु. १५ लाख ४१ हजार अर्थात ०.८२ प्रतिशत, तेश्रो त्रैमासिकमा रु. २ करोड ३५ लाख १५ हजार अर्थात १२.५८ प्रतिशत, चौथो त्रैमासिकमा रु. १६ करोड १८ लाख ३६ हजार अर्थात ८६.५९ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै असार महिनामा मात्र रु. १२ करोड १५ लाख ४२ हजार अर्थात ६५.०३ प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनु पर्दछ ।	
१२			**खरिद व्यवस्थापन**	
१२.१			**ठेक्का व्यवस्थापनः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) अनुसार लागत अनुमान तयार गर्ने, ठेक्का सम्झौता गर्ने कार्य प्रथम त्रैमासिक भित्र गर्नुपर्ने व्यवस्था छ । कार्यालयको यो वर्ष वोलपत्र तथा सिलवन्दी दरभाउ पत्रको माध्यमबाट २४ वटा ठेक्का सम्झौता गरेकोमा दोस्रो त्रैमासिकमा ६ वटा, तेस्रो त्रैमासिकमा १० वटा र चौथो त्रैमासिकमा ३ वटा ठेक्का सम्झौता गरेको छ । नियमावलीले गरेको व्यवस्था वमोजिम तोकिएको समयावधी भित्र ठेक्का वन्दोवस्त नगरी चौथो त्रैमासिकमा समेत ठेक्का सम्झौता गरी प्रगति शत प्रतिशत देखाउने गरेको छ । स्वीकृत कार्यक्रम अनुसार सम्पूर्ण कार्य गर्नु पर्नेमा सो वमोजिम गरेको पाइएन । नियमको पालना हुनु पर्दछ ।	
१२.२			बार्षिक खरिद योजना/गुरुयोजना : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१८ करोड पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।	
१२.३			मालसामानको गुणस्तर परीक्षणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण	

			गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस सम्वन्धमा देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन्ः • कार्यालयमा मालसामान प्राप्त भएपछि खरिद सम्झौतामा उल्लेख भए अनुसार स्पेसिफिकेशन तथा गुणस्तर सम्वन्धी मापदण्ड पुरा गरे नगरेको खुल्ने गरी परीक्षण सूची सहित नियमको व्यवस्था बमोजिम प्राविधिक स्पेशिफिकेशन तथा गुणस्तर सम्वन्धी सर्त पुरा गरे नगरेको प्रतिवेदन पेश गर्ने गरको पाइएन । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ । • मालसामान खरिद गरी सम्वन्धित आपूर्तिकर्तालाई भुक्तानी गरेकोमा निरीक्षण/परीक्षण गर्न गठन गरिएको बोर्डले तयार गर्नेगरेको खोलुवा फाराम लिई भुक्तानी गर्नु पर्दछ ।	
१३			**जोखिम आँकलन** **जोखिम आंकलन र पूर्व तयारी**- कार्यालयले कोभिड महामारी नियन्त्रणका लागि, आकलन गरी पूर्व तयारी र महामारी पछि नियन्त्रण तथा रोकथामका लागि कार्ययोजना बनाएको हुनुपर्दछ । कार्यालयले स्वास्थ्य शाखा प्रमुखको संयोज्वकत्वमा क्वारेन्टीन संचालक समिति, अध्यक्षको संयोजकत्वमा गाउँस्तरीय क्वारेन्टीन समिति तथा गाउँस्तरीय सी सी एम सी सी उल्लेख गरेको भएतापनि कोभिड महामारीबाट हुने जोखिम आंकलनका लागि तथा महामारी पछि नियन्त्रण र रोकथामका लागि कार्ययोजना बनाएको देखिएन ।	
१४			**कानून निर्माण**	
१४.१			कानून र सञ्चालन स्थिति– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३९ नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ६ वटा ऐन, ६ वटा नियमावली, २० वटा कार्यविधि, ३ वटा मापदण्ड र १ विधेयक समेत लगायत ४० वटा कानून निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।	

			निर्देशिका तथा मापदण्डः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा पालिकाले आफ्नो क्षेत्राधिकारभित्रको विषयमा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । पालिककाले कर्मचारी, उपभोक्ता समिति तथा अन्य लाभग्राही समुहलाई सचेतना, क्षमता विकास, सीप विकास आदिसँग सम्बन्धित तालिम, गोष्ठी अभिमुखीकरण लगायतको कार्यक्रम सञ्चालनको लागि निर्देशिका तर्जुमा गरी लागू गरेको छैन । यसले गर्दा कार्यक्रम सञ्चालनमा जिम्मेवारी, जवाफदेही, खर्च प्रक्रिया तथा मापदण्डमा समानता आउन सक्ने देखिएन । पालिकाले कार्यक्रम कार्यान्वयन सम्बन्धी निर्देशिका तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । पालिकाले कृषि औजार लगायतका सामग्री वितरण तथा फलफुल विरुवा, हेण्डपाइप, तारजाली वितरण लगायतका कार्यक्रम सञ्चालन गर्दा सरोकारवालाहरूलाई सूचना प्रवाह, प्रस्ताव/माग संकलन, लाभग्राही छनोट र वितरण सम्बन्धी प्रकृया एवं मापदण्ड तर्जुमा नगरेकोले आम नागरिकको पहुँच सुनिश्चित र पारदर्शी भएको पाइएन । यसले गर्दा नगरपालिकाले वितरण गरेको सामग्री तथा अनुदान न्यायोचित छ भन्ने आधार देखिएन । यसमा सुधार हुनु पर्दछ ।	
१४.२			न्यायिक समिति– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकाराह क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ५ र यो बर्ष थप भएको ५९ गरी कुल ६४ विवाद दर्ता भएकोमा ५२ वटा मात्र फछ्र्यौट भई १२ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
१५			**उपभोक्ता समितिबाट कार्य**	
१५.१			उपभोक्ता समिति दर्ता — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनै पनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न २२१ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु. १२६६३४८१७।– भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।	

१५.२ प्राविधिक बील र कार्य सम्पन्नः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बीलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बीलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बील बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

१५.३ **गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । देहाय अनुसारका योजनाको काममा PCC 1:1.5:3 for RCC कार्य गर्ने गरी लागत अनुमान तयार गरी उपभोक्ता समितिबाट काम गराएकोमा सो कामको ल्याव टेष्ट रिपोर्ट पेश नभएकोले कामको गुणस्तर सम्बन्धमा एकीन गर्न नसकिएको रू. ५३९,०८८.५४

भौ.नं. मिति	योजनाको नाम	कूल भुक्तानी रकम	परिमाण	दर	भुक्तानी रकम
१९७–२०७८।३।१५	वाउन्ड्रिवाल निर्माण	४४६९७३	१०.६८	९८०८.९८	१०४७५९.९१
२३७–२०७८।३।२१	थारू वस्तीमा मरैया निर्माण	३५६८०३	१०.८६	८८८२.३२	९६४६२
२७०–२०७८।३।२३	मधुनगर सामुदायिक भवन	११९७८९५	२४.३१	१०५३९.०८	२५६१७१.०२
२७३–२०७८।३।२४	नयाँवस्ती खानेपानी योजना	५९१२७७	८.२८	९८६६.६२	८१६९५.६१
जम्मा					५३९०८८.५४

मालसामानको गुणस्तर परीक्षणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत

मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस सम्वन्धमा देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन्ः

- कार्यालयमा मालसामान प्राप्त भएपछि खरिद सम्झौतामा उल्लेख भए अनुसार स्पेसिफिकेशन तथा गुणस्तर सम्वन्धी मापदण्ड पुरा गरे नगरेको खुल्ने गरी परीक्षण सूची सहित नियमको व्यवस्था बमोजिम प्राविधिक स्पेशिफिकेशन तथा गुणस्तर सम्वन्धी सर्त पुरा गरे नगरेको प्रतिवेदन पेश गर्ने गरको पाइएन । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।
- देहायका मालसामान खरिद गरी सम्वन्धित आपूर्तिकर्तालाई भुक्तानी गरेकोमा निरीक्षण÷परीक्षण गर्न गठन गरिएको बोर्डले तयार गर्नेगरेको खोलुवा फाराम समेत नलिई भुक्तानी गरेको उदाहरण देहाय अनुसार रहेको छः

गो.भौ. र मिति	मालसामानको नाम	बिक्रेता	भुक्तानी रकम
४–२०७७।९।१	एम्बुलेन्स डेकोरेसन	लोटस अटोडेकोर प्लेस	२९८८८५
३७–२०७७।१२।२५	जस्ता पाता	हेमहरि कन्ष्ट्रक्सन	१९८०१२१
२८०–२०७७।३।२५	जस्ता पाता	जनता हार्डवेयर	२०५६०१

१६ **आन्तरिक नियन्त्रण प्रणाली**

१६.१ **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन ।

- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा

बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकीन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।

- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् चालु खर्च खातामा रू. 29510341.10 पूँजीगत खर्च खाताबाट रू. 15885817 समेत गरी जम्मा रू. 280727।01 मिति २०७८ साउनमा मूल संचित कोषमा ट्रान्सफर गरेको छ ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।
- कार्यालयको श्रेष्ता र बैंकबीचको हिसाव फरक परे वा नपरेको सम्बन्धमा बैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्बन्धमा यकीन गर्न सकिएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजस्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरू गठन गरेको पाइएन ।
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाइयो । पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो ।
- वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन ।
- साना तथा ठूला सबै निर्माण कार्यको नापी किताब कम्प्यूटरबाट तयार गरिएको लुजशिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने

https://nams.oag.gov.np

भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटलाईज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ ।

- कतिपय सडक तथा कुलो÷नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं.उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुन सक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ ।
- जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्बन्धी कार्यको लागत अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन ।
- मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टिडिएस नगरेको ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बील भर्पाइहरूमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।

			• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन। • वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको । • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ४९ जनाको दरबन्दी रहेकोमा १९ जना रिक्त रहेको पाइयो । • सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन । • निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन । • निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले कमर्चारीहरूको तलवी प्रतिवेदन पारित नगरी रू. 8460153.80 तलब खर्च लेखेको पाइयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकीन हुन सकेन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।		
१६.२			सफ्टवेयर खरिद - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकाले नेपाली अङ्ग्रेजी वडा स्तरिय सिफारिस, केन्द्रिकृत दर्ता चलानी, अपाङ्गता परिचय कार्ड वितरण, सहकारी सस्थाहरुको प्रोफाइल र हाजिरी प्रणाली सफ्टवेयर खरिद गरी रु. 490420 खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।		
१६.३			म.ले.प. फारमहरुको प्रयोगः साविकमा रहेका म.ले.प. फारमहरुको सट्टा नयाँ म.ले.प. नम्बरहरु २०७६ अनुसार म.ले.प.फा. नं. ९०१ देखि ९१० आन्तरिक नियन्त्रण प्रणालीसँग सम्बन्धित फारमहरु जस्तै आई.टि. तथा सफ्टवेयरसँग सम्बन्धित अभिलेख,		

			परिवारको दैनिक भ्रमण भत्ता सम्बन्धी अभिलेख, सवारी साधन तथा मेशिन प्रयोगको लगबुक, रसिद नियन्त्रण खाता, भ्रमण प्रतिवेदन, कर्मचारी दस्तखत नमुना अभिलेख आदि म.ले.प. फारमहरु आंशिक रुपमा प्रयोग गरेको देखियो ।कार्यालयको कार्यसम्पादनमा मितव्यिता तथा प्रभावकारीता ल्याउन कामको प्रकृतिअनुसार फारमहरूको व्यवस्थित र पूर्ण प्रयोग गर्नुपर्ने देखिन्छ ।	
१६.४			भ्रमण खर्च : लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छन् । • अधिकांश भ्रमणको उद्वेश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । • नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको । • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । • कतिपय भ्रमणहरू पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको । • स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्वेश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।	
१६.५			बेरुजु लगतः बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित म. ले. प. फाराम ८०१ – बेरुजु लगत, म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन, म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख फाराम राखेको पाइएन । यसमा सुधार हुनु पर्दछ ।	

१६.६			सेवाप्रवाहको स्थिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ६ वटा ऐन, ६ वटा नियमावली र २० वटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट जन्म दर्ता ३२८५ वटा, मृत्यु दर्ता ४४१ वटा, बसाइँसराइ २८४ वटा, विवाह दर्ता ७९८ वटा, सम्बन्ध विच्छेद दर्ता ३ वटा गरेको विवरण प्राप्त भएको छ । कालोपत्रे सडक ३.५ कि.मि. र ग्राभेल सडक निर्माण सडक ५ कि.मि. रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।	
१७			**संचित कोष व्यवस्थापन**	
१७.१			कल्याणकोष– स्थानीय सरकारसञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु. ५ लाख ट्रान्सफर गरेको छ। तर उक्त कोषको संचालनसम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन। यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चितकोषमा दाखिला हुनुपर्ने रु.	५००,०००
१७.२			वित्तीय विवरण–स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् । • स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र स्रेस्ताको मौज्दात रू. १२००।– ले फरक देखिएको छ ।गाउँपालिकाले बैंक समायोजन हिसाब तयार गरी चेक साट्न वाँकी रहेको विवरणा तयार गरी हिसाब फरक परेको कारण पेश गरेको छ । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा कार्यालयले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन। तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७६(२) मा	

<table>
<tr><td></td><td></td><td></td><td>महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तयार गरी लेखापरीक्षणमा पेश भएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१७.३</td><td></td><td></td><td>कन्टिन्जेन्सी खर्चको अभिलेख: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसूची १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७७/७८ मा कन्टीन्जेन्सी बापत रु ३५ लाख २४ हजार कट्टी गरेको छ । उक्त रकम मध्ये रू. ३४ लाख ९६ हजार खर्च भएको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>पेश्की बाँकी
पेश्की बाँकीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (१) अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ। निर्माण व्यवसायीलाइ भुक्तानी भएको मोविलाईजेशन पेश्की रू. १७८३३९०।- सम्झौता अनुसार फछ्र्यौट हुनु पर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>फर्मको नाम</th><th>रकम रु.</th></tr>
<tr><td>१</td><td>जय निर्माण सेवा</td><td>६०००००.००</td></tr>
<tr><td>२</td><td>सालझण्डी निर्माण सेवा</td><td>११८३३९०.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१७८३३९०.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>ठेक्का व्यवस्थापन</td><td></td></tr>
<tr><td>१९.१</td><td></td><td></td><td>ठेक्का व्यवस्थापनः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) अनुसार लागत अनुमान तयार गर्ने, ठेक्का सम्झौता गर्ने कार्य प्रथम त्रैमासिक भित्र गर्नुपर्ने व्यवस्था छ । कार्यालयको यो वर्ष वोलपत्र तथा सिलवन्दी दरभाउ पत्रको माध्यमबाट २४ वटा ठेक्का सम्झौता गरेकोमा दोस्रो त्रैमासिकमा ६ वटा, तेस्रो त्रैमासिकमा १० वटा र</td><td></td></tr>
</table>

चौथो त्रैमासिकमा ८ वटा ठेक्का सम्झौता गरेको छ । त्यसै गरी असार महिनामा मात्र ३ वटा ठेक्का सम्झौता गरेको छ । नियमावलीले गरेको व्यवस्था वमोजिम तोकिएको समयावधी भित्र ठेक्का वन्दोवस्त नगरी चौथो त्रैमासिकमा समेत ठेक्का सम्झौता गरी प्रगति शत प्रतिशत देखाउने गरेको छ । स्वीकृत कार्यक्रम अनुसार सम्पूर्ण कार्य गर्नु पर्नेमा सो वमोजिम गरेको पाइएन । नियमको पालना हुनु पर्दछ ।

१९.२ योजना छनोट र कार्यान्वयन: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनोट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत वार्षिक गाउँ विकास योजना २०७७÷७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

विवरण	रु १ लाख सम्म	रु १ लाख देखि २ लाखसम्म	रु २ लाखदेखि ५ लाखसम्मका	रु ५ लाख देखि १० लाखसम्मका	रु १० लाखभन्दा बढीको	जम्मा
योजना संख्या	३७	२४	१०८	४६	३७	२५२
जम्मा रकम	२९.१० लाख	रु ४६.९० लाख	४.२५ करोड	३.७६ करोड	१२.९३ करोड	२१.७१ करोड

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रू. एक लाख देखि १० लाखसम्मका जम्मा २१५ वटा योजना संचालन गरेकोमा रू. १ लाख भन्दा मुनिका मात्र ३७ वटा योजनाहरू रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरू संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

१९.३ ठेक्काको विवरण– निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि प्रयोग गरिने ठेक्का सम्बन्धी गोश्वरा लगत (म.ले.प.फा.नं. ५०७) अभिलेख राखिएमा कुल गर्नुपर्ने, हालसम्म भएको कामको परिमाण र मूल्य सजिलै जानकारी हुने, कार्य सम्पादन

			जमानत, पेश्की लिन पेश गरेको बैंक ग्यारेण्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन आदिको जानकारी हुने हुन्छ । कार्यालयले उक्त प्रयोजनका लागि अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी अद्यावधिक बनाई राख्नुपर्दछ ।	
२०			**ठेक्का व्यवस्थापन**	
२०.१	५१	२०७८-३-२९	संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम सुरक्षित आवास – सुरक्षित आवास कार्यान्वयन कार्यविधि २०७५, (संशोधन २०७७।१।८) को बुँदा ३ मा लक्षित वर्गको पहिचान गर्ने, बुँदा ४ मा लाभग्राही छनोटको आधार विधि र बुँदा ५ मा अनुदान सम्झौता र वितीय प्रबन्ध गर्नुपर्ने तथा बुंदा ६ मा झुठा विवरण पेश गरी अनुदान रकम लिएको पाइएमा वा जुन प्रयोजनको लागि अनुदान उपलव्ध गराइएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाइए वा किस्ता बमोजिमको गर्नुपर्ने कार्यप्रगति अनुदान उपलव्ध गराइएको मितिले ३ महिना भित्र नगरेमा लाभग्राहीबाट अनुदान रकम स्थानीय तहले असूल उपर गर्ने व्यवस्था छ । पालिकाले सुरक्षित नागरिक आवास समन्वय समितिले लाभग्राही छनोट र सिफारिश गरेको नामावलीको आधारमा जस्तापाता उपलव्ध गराउन ७२ घरपरिवार छनोट गरेकोमा लाभग्राहीहरूको खातामा जनही रु. ५०,०००।– का दरले रु. ३६०००००।– खर्च लेखेको पाइयो।उक्त रकम २०७८ साउन १० गते ७२ जना लाभग्राहीकै खाता रोक्का राख्न प्रभु बैंक लि.लाई पत्राचार गरेको छ । हाल मेजरमेन्ट सिटको आधारमा रकम फुका गरे पनि यस प्रकारको वितरणमुखी कार्यमा खर्च गर्दा लाभग्राही छनौटको आधार, गत विगत वर्षमा यस प्रकारको सुविधा लिए नलिएको, जस्ता पाताको गुणस्तर तथा स्पेशिफिकेशन तयार गरी अन्य निकायवाट यस प्रकारको सुविधा नलिएको सुनिश्चितता गरेको देखिएन। यस्तो कार्यमा सुधार हुनु पर्दछ ।	
२०.२			बीमा नगराएकोः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ (१) मा रु. १० लाख भन्दा बढी मुल्यको निर्माण कार्य गर्न निर्माण व्यवसायीले उक्त नियमको (क) देखि (ङ) बमोजिम विमा गर्नु गराउनु पर्ने उल्लेख छ । कार्यालयले निर्माण कार्यको लागि सम्झौता गर्दा निर्माण कार्य वापत निर्माण कार्यको, उपकरण, श्रमिक र तेश्रो पक्षको समेत बीमा गराउनु पर्ने गरी सम्झौता गरेको छ । यस प्रयोजनको लागि निर्माण व्यवसायीले सोही रकम कवुल गरी ठेक्का सम्झौता समेत गरेकोमा देहाय अनुसारका कार्यमा निर्माण कार्यको रनिङ विल भुक्तानी हुँदा समेत कुनै पक्षको पनि विमा गराएको पाइएन । ठेक्का सम्झौता भै कार्य शुरु गर्नु अगाबै सम्झौताको शर्त मुताविक बीमा गराएर मात्र कार्य शुरु गर्नुपर्नेमा नगर्दा ठेक्का सम्झौताको शर्तको पालना नहुने, निर्माण कार्य, उपकरण, कामदार र तेश्रो पक्षको हानी नोक्सानी भएका क्षतिपुर्तिबाट समेत बन्चित रहनुपर्ने अवस्था आउँछ । तसर्थ सम्झौताका शर्तहरु अनिवार्य रुपमा पालना गराउने तर्फ ध्यान दिनु जरुरी छ । यसका केहि उदाहारणहरु देहाय बमोजिम छन्ः	

ठेक्का नं.	निर्माण ब्यवसायीको नाम	कार्य	भुक्तानी रकम	वीमाको रकम
१६–२०७७।७८	बी.श्री. विल्डर्स	सडक निर्माण	१९९११८०१	५००००
२७४–२०७८।३।२४	राधारोशन निर्माण सेवा	सडक निर्माण	३२२५८७०	५००००

२०.३ बीमा समावेश नगरेकोः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ (१) मा रु. १० लाख भन्दा बढी मुल्यको निर्माण कार्य गर्न निर्माण व्यवसायीले उक्त नियमको (क) देखि (ङ) बमोजिम बीमा गर्नु गराउनु पर्ने उल्लेख छ । पालिकाले देहाय अनुसार १० लाख भन्दा बढीका निर्माण कार्यको लागत अनुमान तयार गरी निर्माण व्यवसायीसँग सम्झौता गर्दा वीमाको प्रावधान राखेको पाइएन । ठेक्का सम्झौतामा बीमा गराएर मात्र कार्य शुरु गर्नुपर्नेमा नगर्दा ठेक्का सम्झौताको शर्तको पालना नहुने, प्रावधान नराख्दा निर्माण कार्य, उपकरण, कामदार र तेश्रो पक्षको हानी नोक्सानी भएका क्षतिपुर्तिबाट समेत बन्चित रहनुपर्ने अवस्था आउँछ । तसर्थ खरिद नयमावलीको अनिवार्य रुपमा पालना गराउने तर्फ ध्यान दिनु जरुरी छ । यसका केहि उदाहारणहरु देहाय बमोजिम छन्ः

निर्माण ब्यवसायीको नाम	कार्य	लागत अनुमान
श्याम् एण्ड सन्स निर्माण सेवा	नाली निर्माण	४९७०४०८.२८
दीपाली निर्माण सेवा	सडक निर्माण	२५९९९९९.
गंगा निर्माण सेवा	सडक निर्माण	४७१७३६०.५
गंगा निर्माण सेवा	सडक निर्माण	४७१७३६०.५

२०.४ जस्तापाता वितरण – यस नगरपालिकाको आ व २०७७।७८ को पुँजीगत बजेट शीर्षकबाट हेमहरि कन्ष्ट्रक्सनबाट रू. १९८०१२१ को जस्तापाता खरिद गरी प्रति घरपरिवार २ वण्डलको दरले वितरण गरेको भर्पाइ पेश गरेको छ ।यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छनः

			• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । २६ गेजको १४८ बण्डल जस्तापाता र १४८ कलर प्लेनपाता खरिद गरी वितरणा गरेकोमा यस प्रकारको वितरणमुखी कार्यमा खर्च गर्दा लाभग्राही छनौटको आधार, गत विगत वर्षमा यस प्रकारको सुविधा लिए नलिएको, जस्ता पाताको गुणस्तर तथा स्पेशिफिकेशन तयार गरी अन्य निकायवाट यस प्रकारको सुविधा नलिएको सुनिश्चितता गरेको देखिएन। यस्तो कार्यमा सुधार हुनु पर्दछ । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । यसरी खरिद भएको उक्त परिमाणको जस्तापाताको गुणस्तर परीक्षण प्रतिवेदन हुलास स्टीलले शिव सपना ट्रेडर्स एण्ड सप्लायर्सको नाममा तायार गरेको छ । पालिकाको लागि खरिद गरेको जस्तापाताको प्राप्त नमूना अनुसारकै गुणस्तर परीक्षण गरी खरिद कार्यलाई वश्वसनीय वनाउनु पर्दछ ।	
२१	५	२०७८-३-२५	**सव कन्ट्रयाक्टबाट कार्य गराएको :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । गाँउपालिकाले यस वर्ष रु २३३८९६५ लागत अनुमानको काम मधुनगर कृषि सिंचाई डिप वोरिङ्ग उपभोक्ता समितिबाट डिप वोरिङ्गको काम आफै गर्ने गरी गाँउपालिकाबाट रु २१२०००० विनियोजन भई मिति २०७७/१०/१९ मा सम्झौता भएकोमा निर्माण व्यावसायी जगदम्बा ड्रिलिङ्ग कम्पनी / चौधरी वोरिङ्ग सेवा जे.भी. बाट काम गराएको देखियो । गाँउपालिकाले यसरी निर्माण व्यावसायीबाट कम मूल्यमा काम गराई उपभोक्ता समितिबाट कार्य गराएको निर्माण व्यवसायीको रु २१८३७३७ को कर विजक पेश गरेको छ । उपभोक्ता समितिले निर्माण कार्य वापत रु २०८४१३८ को कार्यसम्पन्न प्रतिवेदन पेश गरेको छ । यसरी उपभोक्ता समितिबाट कार्य गराउने गरी सम्झौता भएको कार्य निर्माण व्यवसायीबाट सम्पन्न गराउने कार्यमा नियन्त्रण गरिनु पर्दछ ।	
२२	५	२०७८-३-३०	**ननफाईलर**	२,१८३,७३७.५१

			मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर गाँउपालिकाबाट जगदम्बा ड्रिलिङ्ग कम्पनी / चौधरी वोरिङ्ग सेवा जे.भी.लाई कर बिजक नं. १५ पान नं. ६१४१७८५१९ बाट कर योग्य आय रु ६९५२७० को मू.अ.कर रु ९०३८५.१० समेत रु २१८३७३७.५१ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि जे.भी. ले कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो ।	
२३			**जटिल संरचनाको निर्माण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट संचालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर डोजर ग्रेडर विटुमिन डिस्ट्रिव्युटर विटुमिन ब्वाईलर जस्ता हेभी मेसीनहरु प्रयोग गर्न सकिने व्यवस्था छैन । नगरपालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :-	

भौ.नं / मिति	उपभोक्ता समितिको नाम	भुक्तानी रकम
प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम		
३-२०७८/३/१३	शिव मन्दिर जिर्णोदार उ.स. ५	९९७६०६
संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम		
२३-२०७८/३/२१	जल्लहिया मदरसा भवन नि.उ.स. २	२४१६४११
२६-२०७८/३/२२	मदरसा अहिले सुन्नत फैजे गौसियन प्रा.बि. ५	२४४१०५४
२५-२०७८/३/२२	जनजागृती मा.बि. भवन नि.उ.स. २	२४९६६८१
३८-२०७८/३/२४	नेपाल तारा मा.बि. २	२९४८१४८
३४-२०७८/३/२४	दुधधारी बाबाधाम सामुदायिक भवन नि.उ.स. २	२४७०२४०
स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम		
२-२०७८/३/२२	शिव मन्दिर नि. उ.स. १	९९९१९७
जम्मा रकम		१४७६९३३७

२४			**उपभोक्ता समितिबाट कार्य**	
२४.१	१९७	२०७८-३-२५	बीजक भन्दा बढी मूल्यांकन– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भर्पाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ । उपभोक्ताले यसरी पेश गरेका वील भपाईले उपभोक्ताको वास्तविक खर्चलाई देखाउँछ । पालिकाले आर.सि.सि. को लागि फलामे डण्डी काट्ने, मोड्ने, नक्सा अनुसारका ठाउँमा राख्ने कार्यको दर विश्लेषण अनुसार फलामे डण्डीको प्रति केजी रु. ११३.९२ राखेको छ । देहाय अनुसारका उपभोक्ता समितिहरू मदरसा अहिले सुन्नत नुरी गुलौली बाउन्ड्री निर्माण उपभोक्ता समितिहरूलाईले पेश गरेको	

विजक अनुसार फलामे डण्डीको परिमाण ५३० केजी भएकोमा डण्डी मूल्यांकन गर्दा खरिद भन्दा ११०.८७ केजी गरेकोले रू. ११३.९२ को दरले रू. १२६३०.३१ थप व्ययभार पारेको पाइयो । खरिद परिमाण अनुसार नै नापी हुने गरी तत्काल सुधार हुनु पर्दछ ।

२४.२ जटिलसंरचना निर्माण – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले भवन, कल्भर्ट, सडक कालोपत्रे लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्पmत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

गो.भौ.नं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	लागत अनुमान
७१–२०७८।१।१९	भजन भवन निर्माण	भवन	३३१३७१.१६
११७–२०७८।२।२३	सामुदायिक भवन	भवन	४९४२२१.
१४४–२०७८।३।२	खजहनी धर्मशाला	भवन	९९२५३७.६४
२०८–२०७८।३।१६	हाल आवादी कल्भर्ट	कल्भर्ट	६९४९५३
२६४–२०७८।३।२२	मिहलवार सामुदायिक भवन	भवन	७७२००५.५८
२७०–२०७८।३।२३	मधुनगर सामुदायिक भवन	भवन	१३२२८०२.०७

२४.३ गुणस्तर परीक्षण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । ती व्यवस्था अनुसार निर्माण कार्यमा प्रयोग भएका सिमेन्ट गिट्टी, ढुंगा, डण्डी र बालुवाको परीक्षण गराउनु पर्नेमा गराएको छैन । यसले गुणस्तर परीक्षणलाई कार्यालयले प्राथमिकतामा नराखेको स्पष्ट हुन्छ । गुणस्तर परीक्षण वेगर गरेको काम दिगोपना र विश्वसनीय नहुने भएकोले यसमा सुधार हुनु पर्दछ ।केही उदाहरण देहाय बमोजिम छन् ।

भौ.नं. मिति	उपभोक्ता समिति	कामको प्रकृति	खुद भुक्तानी
१४–२०७७।११।१	परेनी गाउँभित्र पिसिसि ढलान	सडक ढलान	३१४८४७
२२–२०७७।१२।१०	जनता आ.वि. पर्खाल निर्माण	भवन	९९५९४९
२३–२०७७।१२।१०	पथ्थरदेइया अधुरो पीसीसी	सडक ढलान	९९६०२१
,,	ठाकुरापुर गाउँभित्र पीसीसी	सडक ढलान	३९८८२१
२६–२०७७।१२।१९	रियाजको घरसम्म पीसीसी	सडक ढलान	३९८२९०
२८–२०७७।१२।१९	लालपुर दलित वस्तीमा सडक पीसीसी	सडक ढलान	४९९२९३
३४–२०७७।१२।२४	मगरघटा गाउँमा पीसीसी	सडक ढलान	३९५६९३
३८–२०७७।३।२६	पिपरी वडा कार्यालयदेखि पीसीसी	सडक ढलान	३९३३७८
४९–२०७८।१।८	देउपुरा चार गल्ली पीसीसी	सडक ढलान	६८४७४७
५१–२०७८।१।८	महुवावारी गाउँमा पीसीसी	सडक ढलान	६९५६१२
५२–२०७८।१।८	गुगौली पीसीसी ढलान	सडक ढलान	४९४२९६
२३५–२०७८।३।२७	जलैहिया गाउँमा पीसीसी	सडक ढलान	६९६७०६
२९५–२०७८।३।२५	मधुनगर दलितवस्तीमा पीसीसी	सडक ढलान	१३७८२५३

२५			**सोधभर्नाः** **सोधभर्नाः** गाउँपालिकाले आन्तरिक श्रोतबाट तलब भता दिने गरी नियुक्त गरेका देहायका बालबिकास कर्मचारीहरुलाई संघिय सशर्त चालुको भौ नं १५१। २०७८।२।३ बाट रु ४९७५० तलब भता भुक्तानी दिएका देहायका बालबिकास केन्द्रलाई दिएको निकासा रकम सोधभर्ना हुनुपर्ने रु ४९७५०	४९,७५०

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>भौ नं</th><th>बालबिकास केन्द्र</th><th>रकम</th></tr>
<tr><td>१</td><td>आनन्द बा बि के</td><td>१२७५०</td></tr>
<tr><td>२</td><td>दिपज्योती बा बि के</td><td>१२६२५</td></tr>
<tr><td>३</td><td>मधनगरा बा बि के</td><td>१२०००</td></tr>
<tr><td>४</td><td>समयमाई बा बि के</td><td>१२३७५</td></tr>
<tr><td></td><td>जम्मा अनुदान</td><td>49750</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>ढिलो राजश्व दाखिला
ढिलो राजश्व दाखिलाः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२) अनुसर आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लागउने र सो भन्दा ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लागाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारबाही समेत गर्ने गराउने उल्लेख छ।गाउँपालिका अन्तर्गत संचालित ७ वटा वडाद्धारा उठाउने राजश्व अनलाइन मार्फत नभएर नगदी रसिदको प्रयोग गरेको छ । यसरी सङ्कलन भएको राजस्व श्रावण र भाद्र महिनाको राजश्व संकलन परीक्षण गर्दा ढिला दाखिला भएको पाइयो । पालिकाले सो सम्बन्धमा छानविन गरी राजश्व असुली र दाखिला समयमै गर्नुपर्नेमा जोड दिन जरुरी देखिन्छ । वडाका सचिवहरुले राजस्व संकलन गरी ढिला दाखिला गरेकोले निम्नानुसार राजस्व दाखिलामा ढिला गर्ने देहायका कर्मचारीहरुबाट नियमानुअनुसार १०% ब्याज असुल गरी बैङ्क दाखिला गर्नुपर्न रु</td><td>५७,८७४</td></tr>
</table>

वडा नं	कर्मचारीको नाम	ढिला राजश्व दाखिला रकम	१०% ब्याज
1.	बाल बहादुर थापा क्षेत्री	७६७१९	७६७२
2.	बाल बहादुर थापा क्षेत्री	५१०५२	५१०५
3.	राजेन्द्र मौर्य	४९४७४	४९४७
4.	सुरेश बस्याल	१५६५१४	१५६५१
5.	बाल बहादुर थापा क्षेत्री	८७३८४	८७३८
6.	बाल बहादुर थापा क्षेत्री	६७५६६	६७५७
7.	बाल बहादुर थापा क्षेत्री	९००४१	९००४
	जम्मा असुल		५७८७४

२७			**प्रोत्साहन भत्ता** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । पालिकाले कानून नबनाई प्रोत्साहन भत्ता खर्च गर्नु नियमसंगत नदेखिएको रु		२,५८४,४२६
२८			**कार्य सम्पन्न प्रतिवेदन पेश नभएको** **कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ (३) मा कुनै निर्माण काम सम्पन्न भइसकेपछि त्यसको जाँचबुझ गर्ने प्राविधिकले सम्पन्न निर्माण कार्य स्वीकृत ड्रइङ्ग डिजाइन वा स्पेशिफिकेशन भए नभएको जाँच गरी सार्वजनिक निकाय समक्ष कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ ।		

भौ नं/मिति	योजनाको नाम	निर्माण व्यवसायीको नाम	कार्य सम्पन्न मिति	कार्य सम्पन्नन रकम
१४२।२०७८।३।१	पढेरिया गाउँपालिका देखि गुगौली वर्थिङ्ग सम्म सडक कालोपत्रे	लुम्बिनी सांस्कृतिक एशोसिएसन प्रा लि	२०७८।१।२८	६५०९५४२
२५२।२०७८।३।२२	महादेव डालपुर नयाँवस्ती नौरांगिया कालोपत्रे	शिवशक्ती कन्सट्रक्सन	२०७८।३।२२	१३७९९२४
जम्मा रकम				४८८९४६६

२९			**आन्तरिक लेखापरीक्षण**	
२९.१			आन्तरिक लेखापरीक्षण - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।	
२९.२			आन्तरिक लेखापरीक्षण शाखा : प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाँच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यवस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस पालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।	
३०			**वितरणमुखी कार्यक्रम**	

३०.१			वितरणमुखी कार्यक्रम – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । यस नगरपालिकाको आ व २०७७।७८ को पुँजीगत बजेट शीर्षकबाट वीउ विजन वितरण, खानेपानी पाइप, हेण्डपाइप, कृषि औजार वितरण जस्ता कार्यक्रममा खर्च गरको पाइयो ।यस्ता प्रकारका वितरणमुखी कार्यक्रमबाट उत्पादकत्व वृद्धि नहुने, वितरण भएका सामग्रीको सदुपयोग नहुने हुँदा राज्यको सिमित स्रोत साधनबाट सर्वसाधारण जनताले लाभ लिन नसक्ने हुँदा सस्तो खर्च नियन्त्रण गर्नु पर्दछ । यसका केही उदाहरण देहाय अनुसार छन्		

भौ.नं. र मिति	कार्यक्रम	रकम
६१–२०७८।१।१४	स्यालो टूवेल ९ वटा	२८४७९९
७०–२०७८।१।१९	स्यालो टूवेल ९ वटा	२८५२८५
७४–२०७८।१।२७	स्यालो टूवेल जडान	२९४७९४
१३३–२०७८।२।३०	स्यालो टूवेल	४९६९२४
१३७–२०७८।३।१	स्यालो टूवेल	१३०८९८
१५२–२०७८।३।५	”	४९७७०२
१८९–२०७८।३।१४	”	२२६७६०
१८०–२०७८।३।१३	”	१८८८८२
१९६–२०७८।३।१५	”	१४७८७९
२०७–२०७८।३।१६	”	४७८८६६
२३४–२०७८।३।२०	”	६८७११
२३१–२०७८।३।२०	”	९६००१
२३६–२०७८।३।२१	”	१४६४६१
गापा चालु		
१४२–२०७७।९।४	लोक सांस्कृतिक पर्यटन तथा खेलकुद मेला	१९७०००
१११–२०७७।८।२१	औषधि उपचार खर्च सहयोग ८ जना	१३००००

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>११२–२०७७।८।२१</td><td>फरक क्षमता भएकाहरूलाई लक्षित कार्यक्रम</td><td>९८३५०</td></tr><tr><td>१५६–२०७७।९।२३</td><td>ज्येष्ठ नागरिक घरभेट कार्यक्रम</td><td>९९२००</td></tr><tr><td>७५७–२०७८।२४</td><td>त्रिवेणी मेला</td><td>५००००</td></tr></table></td><td></td></tr>
<tr><td>३०.२</td><td>७</td><td>२०७७-१०-२२</td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा खर्च पुष्टि गर्ने बील, भरपाई, प्रमाण र कागजात संलग्न गर्नु पर्ने व्यवस्था छ । शिव मन्दिर भौतिक निर्माण कार्यको लागि रू. ५००००।– भुक्तानी दिएकोमा सो रकमको वील भर्पाइ पेश नभएको रू.</td><td>५०,०००</td></tr>
<tr><td>३०.३</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गर्न कुल निकासा प्राप्त रु. ६३ लाख मध्येबाट बाटो निर्माण, नाली निर्माण र कूलो तथा नाली निर्माण र मर्तत सम्भार गर्ने कार्यमा सामग्री खरिद तथा ढुवानी र कण्टिन्जेन्सी खर्च बाहेक श्रमिक ज्यालामा रु. ५९६४६११।– खर्च भएको देखिन्छ । रोजगार कार्यक्रममा आवद्ध हुनको लागि १६६ जनाले निवेदन दिएकामा जम्मा १६५ जना छनोट भएको प्रतिवेदन गाँउपालिकाले तयार गरेको छ । पालिकका ७ वटा वडा मध्ये ७ वटा वडामा यो कार्यक्रम संचालन भएको जानकारी गाँउपालिकाले दिएको छ । ७ वटा वडामा सञ्चालित कार्यक्रममा १६५ जनालाई दैनिक ५१७ को दरले अधिकतम ७० दिन देखि न्यूनतम ४४ दिन रोजगारी दिएको पाइयो ।यसरी सञ्चालित कार्यक्रमको नापी तथा मूल्यांकन तयार गरे पनि कार्य दिन र कूल कार्य बीच तुलना गर्न सक्ने अवस्था छैन ।</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>असुली गर्न बाँकी आन्तरिक आय
असुली गर्न बाँकी आन्तरिक आय – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्र्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसार व्यवसायिबाट गत विगत वर्षको आय असुल गर्न बाँकी रहेकोले आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२) अनुसार ब्याज/हर्जाना समेत असुल गर्नुपर्ने रु</td><td>११,९७५,४१२.५</td></tr>
</table>

क्र.स.	ठेक्काको विवरण	ठेकेदारको नाम	ठेक्का रकम	असुलि हुन बाँकी	२५% ब्याज	जम्मा असुल
१	विश्व खोला	श्री लोकेश बहादुर थापा	1836000	1571000	392750	1963750
२	चिराई खोला	श्री लोकेश बहादुर थापा	4455000			
३	गुगौली गाउँको पश्चिम पोखरी	श्री मान बहादुर घर्तिमगर	150000	120000	30000	150000
४	जर्लहिया ताल	श्री ईस्तिखार मियाँ	101500	81200	20300	101500
५	उकठहवाको पश्चिम पोखरी	श्री घुरैसैते भर	76000	60800	15200	76000
६	जमकुडवा ताल	श्री असगर अलि दर्जी	502200	401760	100440	502200
७	मुरदहवा ताल	श्री भोविलाल उपाध्याय	500000	400000	100000	500000
८	महदेइया गडहा	श्री मुकेश चौधरी	10100	8080	2020	10100
९	वजिरनगर गडहा	श्री असगर अलि दर्जी	4000	3000	750	3750
१०	महिलवार गडहा	श्री जर्रार आलम मुसलमान	27000	22500	5625	28125
११	शंकरपुर ताल	श्री सेराज अहमद	3050000	1830000	457500	2287500
१२	बघमरी गाउँपश्चिम पोखरी	श्री विजय बहादुर चौधरी	300600	100200	25050	125250
१३	बघमरी गाउँपश्चिम पोखरी	श्री जैसराम अहिर	201000	134000	33500	167500
१४	बघमरवा उत्तर पोखरी	श्री ओम प्रकास कोरी	330000	220000	55000	275000
१५	बनगाई उत्तर गडहा	श्री सब्बीर अहमद	11700	7800	1950	9750
१६	बघमरी पुर्ब गडहा	श्री सुरेन्द्र प्रसाद चौधरी	55500	37000	9250	46250

१७	सोनही ताल	श्री ईजहार खाँ	315000	210000	52500	262500
१८	ठकुरापुर गडहा	श्री गुरुप्रसाद पासी	12000	8000	2000	10000
१९	फरेना उत्तर गडहा	श्री राम प्रसाद कुर्मी	55551	37034	9258.5	46292.5
२०	बद्धौर उर्जा ताल	श्री भिम वहादुर भुजेल	1050650	700433	175108.25	875541.25
२१	बद्धौर ताल	श्री शाकल शाह	1500000	500000	125000	625000
२२	सिसवा भर्रा ताल	श्री बाबुराम बरई	51500	34333	8583.25	42916.25
२३	जोगिनिया पोखरी	श्री समिम मुसलमान	650000	477750	119437.5	597187.5
२४	पडरिया ताल	श्री ईनारुल दर्जी	251000	200800	50200	251000
२५	विसवा खोला	श्री हेमलता चौधरी अजय कन्सट्रक्सन	4363595	1904595	476148.75	2380743.75
२६	सुख्खा खोला	श्री हेमलता चौधरी अजय कन्सट्रक्सन	1169045	510045	127511.25	637556.25
जम्मा			21028941	9580330	2395082.5	11975412.5

३२			**आन्तरिक आय**	
३२.१			पालिकाले ढुंगा गिट्टी बालुवा बिक्रीमा भ्याट संकलन गरी स्थानीय तहले राजश्व शिर्षक ३३३१७ (बेदर्तावालले संकलन गरी दाखिला गर्ने) मा दाखिला गर्नपर्नेमा सबै प्रकारका ठेक्का तथा परामर्शमा लाग्ने मू अ कर दाखिला गर्ने राजश्व शिर्षक ३३३१४ मा दाखिला गरेकोले देहायका फर्म र निर्माण व्यावसायीले बेदर्तावालले संकलन गरि दाखिला गने राजश्व शिर्षक ३३३१४ मा नै दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु	८०३,४००

ठेक्का नं	ठेक्का लागेको खोला	निर्माण व्यावसायीको नाम	कबोल अक	भ्याट
04 BRM/77-78	सुख्खा खोला	शिवम विल्डर्स	६१८००००	८०३४००

३२.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु५ लाखसम्मको खरिद कार्य सोझैगर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने र खरिद प्रक्रिया टुक्रा पार्न नमिल्ने उल्लेख छ । पालिकाले मुख्यमन्त्री ग्रामिण विकास रोजगार कार्यक्रमबाट ECD कक्षा व्यवस्थापन सामग्री र व्यावसायिक तरकारी खेती कार्यक्रम अन्तर्गत कृषि सामग्री खरिद गर्दा देहायका फर्म र सप्लायर्ससँग टुक्रा पारी खरिद गरेको नियमसंगत नदेखिएको रु

भौ नं र मिति	खर्च शिर्षक	फर्म वा सप्लायर्सको नाम	रकम
131 09.02	इलेक्ट्रोनिक उपकरण खरिद	दाजुभाइ ट्रेडर्स	472905
६१९ ०३।०९	इलेक्ट्रोनिक उपकरण खरिद	शिवराज कम्प्यूटर एण्ड इलेक्ट्रोनिक सप्लायर्स	313349
५०६ ०२।०५	इलेक्ट्रोनिक उपकरण खरिद	ए के मल्टी ट्रेडर्स एण्ड सप्लायर्स	322909
६२१ ०३।०९	इलेक्ट्रोनिक उपकरण खरिद	आइसा आरती निर्माण सेवा	498922
६२० ०३।०९	इलेक्ट्रोनिक उपकरण खरिद	सुविधा सप्लायर्स	170962
६५१ ०३।१३	इलेक्ट्रोनिक उपकरण खरिद	क्रिष्टल आइ प्रा ली	480000
जम्मा			2259047

३३ **आन्तरिक आय तर्फ**

३३.१ आन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण

समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७७।७८ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रिय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
४३४००१३९४.७३	१०६८२०८४६.४६	२४.६१

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.४४ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पर्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३३.२ सवारी कर : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने लक्ष्य राखेको छैन। हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

मनोरञ्जन कर : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७७।७८ मा पालिकाले यस शीर्षकमा रू. ५५०० कर उठाउने लक्ष्य राखेकोमा कुनै पनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ ।

व्यवसाय कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ९ लाख कर संकलन गर्ने लक्ष्य राखेकोमा रू १ लाख ७० हजार मात्र असुल गरेको छ । पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३३.३ राजस्व अभिलेख : कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको

			हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजस्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पु¥याउनुपर्ने देखियो ।		
३३.४			आयको अनुमानः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय÷व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १० करोड ३२ लाख ६७ हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७७।७८ मा रु. १० करोड ६८ लाख २१ हजार अर्थात अनुमान भन्दा ३.४४ प्रतिशत बढी आय प्राप्त गरेको छ ।		
३३.५			कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।		

सि.नं.	आम्दानी शीर्षक	अनुमान	यस महिना सम्मको आम्दानी	असुली प्रतिशत
१	सम्पत्ती बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर	०	३२५३५७६	
२	एकीकृत सम्पती कर	२५००००००	२८९३३४५	११५.७३
३	भुमिकर/मालपोत	१५००००	०	०.००
४	घरजग्गा रजिष्ट्रेशन दस्तुर	०	५१९५३३२	
५	घरवहाल कर	९९०००	९१५४०.९५	९२.४७
६	वहाल विटौरी कर	१००००००	४७७६२४५.७६	४७७.६२
७	बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर	९६८२०४४०	९३४१५८६९.४९	९६.४८
८	बाँडफाँड भइ प्राप्त हुने अन्त:शुल्क	२६५०५००	०	०.००
९	अन्य मनोरञ्जन कर	५५००	०	०.००
१०	कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	८२५००	०	०.००
११	अन्य कर	७१५००	०	०.००
१२	बाँडफाँड भई प्राप्त वन रोयल्टी	०	३३५५५७४.७४	
१३	बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय	०	१७११७४५८	
१४	अन्य स्रोतबाट प्राप्त रोयल्टी	१४६५८६३०	०	०.००

१५	पर्यटन शुल्क	५५००	०	०.००
१६	अन्य बिक्रीबाट प्राप्त रकम	२०००००	०	०.००
१७	न्यायिक दस्तुर	२२०००	१८११०	८२.३२
१८	शिक्षा क्षेत्रको आम्दानी	११०००	१०३१५०	९३७.७३
१९	परीक्षा शुल्क	२२०००	१८८००	८५.४५
२०	अन्य प्रशासनिक सेवा शुल्क	१०५५००	५७७८४८	५४७.७२
२१	नक्सापास दस्तुर	२२००००	३९०००	१७.७३
२२	सिफारिश दस्तुर	१००००००	१६०५०४७	१६०.५०
२३	व्यक्तिगत घटना दर्ता दस्तुर	२२००००	२४११७१	१०९.६२
२४	नाता प्रमाणित दस्तुर	०	५१८००	
२५	अन्य दस्तुर	६८३०००	१९६२०६	२८.७३
२६	व्यावसाय रजिष्ट्रेशन दस्तुर	९०००००	१७३८००	१९.३१
२७	अन्य क्षेत्रको आय	५००००००	४००००	०.८०
२८	अन्य राजस्व	२५११०००	८२५३४०	३२.८७
२९	बेरूजू	५३३००००	१०३५७७१.२५	१९.४३
जम्मा		१३४२६८०७०	१३५०२४९८५	१००.५६

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख

			अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।	
३४			अनुगमन तथा सम्परीक्षण अनुगमन तथा सम्परीक्षण – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण को लागि रु ५५०४६२०५.३१ पेश भएको छ।	
३५			अद्ययावधिक बेरुजू यस पालिकाको २०७७।७८ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ । (रू. हजारमा)	

गत वर्षसम्मको बेरुजू (A)	सम्परीक्षणको लागि पेश भएको रकम	यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)	गत वर्षसम्मको बाँकी बेरुजू (C=A-B)
११२८५००००	५५०४६२०५.३१	-	-

गत वर्षसम्मको बाँकी बेरुजू(A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)	यो वर्ष कायम बेरुजू(C)	संपरीक्षणबाट कायम बेरुजू(D)	अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D)